कर्णाली प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
जाजरकोट

पत्र सख्याः २०८१।०८२ (प्रशासन शाखा) चलानी नं.

मितिः २०८१।१०।२९
ने.स.११४४

## आ.व. २०८१/०८२ को छात्रवृत्ति सम्बन्धी सूचना ।
(प्रथम पटक प्रकाशन मिति २०८१।१०।२९)

उपरोक्त सम्बन्धमा चालु आ.व. २०८१/०८२ मा यस कार्यालयको बजेट तथा कार्यक्रम अनुसार जाजरकोट जिल्लाको लागि तपसिल बमोजिमका छात्रवृत्ति वितरणका लागि जिल्ला छात्रवृत्ति छनोट तथा वितरण समितिको मिति २०८१/१०/२९ गतेको बैठकको निर्णय अनुसार २०८१/१०/२९ गते देखि २१ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय भएकोले तपसिलका छात्रवृत्ति प्राप्त गर्न जाजरकोट जिल्लामा स्थायी बसोबास भई देश भरका मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुले यस कार्यालयको वेव साइड sdojajarkot.karnali.gov.np मा राखिएको छात्रवृत्ति आवेदन फारम भरी आवश्यक कागजात सहित तोकिएको मिति भित्र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेको वा म्याद नाघि आएको आवदेनमाथि कुनै कारबाही नहुने व्यहोरा समेत सम्वन्धित सबैलाई जानकारी गराइन्छ।

तपशिल:

| क्र.स. | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने विषय/तह | कोटा जना | दर रकम | आवेदन फारम साथ बुझाउनुपर्ने कागजात |
|---|---|---|---|---|---|
| १ | प्राविधिक छोरीबुहारी छात्रवृत्ति | प्राविधिक विषय/ प्रमाणपत्र तह वा सो सरह<br>क. स्वास्थ्य<br>ख. कृषि<br>ग. पशुविज्ञान<br>घ. वनविज्ञान<br>ङ. इन्जिनियरिङ<br>च. सूचना प्रविधि | २० | ५० हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।नागरिकता प्राप्त गर्ने उमेर नपुगेका विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>२. बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजातको प्रतिलिपि,<br>४. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.इ.इ./एस.एल.सी. परीक्षा उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपि,<br>५. नियमितरुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क बुझाएको तथा अन्य कुनै निकायबाट छात्रवृत्ति वा निःशुल्क वृत्ति नपाएको व्यहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिसपत्र,<br>६. अपाङ्गको हकमा अपाङ्गता परिचयपत्र,<br>७. सीमान्तकृत तथा लोपोन्मुखको हकमा स्थानीय तहको सिफारिसपत्र,<br>८. बाबु आमा नभएको हकमा मृत्युदर्ताको प्रमाणपत्र र |

कर्णाली प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
जाजरकोट

पत्र सङ्ख्याः २०८१।०८२ (प्रशासन शाखा) चलानी नं.  मितिः २०८१।१०।२९
ने.स.११४४

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | एकल महिलाको हकमा स्थानीय तहको सिफारिस, ९. दलित, द्वन्दपीडित एकल महिलाको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र। |
| २ | उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति | सबै विषय/ स्नातक वा स्नातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २. सम्बन्धित निकायबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि, ३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात, ४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस, ५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र। |
| ३ | उच्च शिक्षा दलित छात्रवृत्ति | सबै विषय/ स्नातक वा स्नातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको दलित प्रमाणित प्रमाणपत्र, ३. सम्बन्धित स्थानीय तहबाट स्थायी ठेगाना प्रमाणित कागजात, ४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमितरुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाको सिफारिस, ५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र। |

पुनश्चः
छात्रवृत्ति वितरणका आधारहरु एकृकीत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लिखित भए अनुसार हुनेछ। यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा वा फोन नं. ०८९४३०२२२, ९८५८०६५६२२, ९८४८२६००३० मा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ।

दशरथ लामिछाने
निमित्त सामाजिक विकास अधिकृत